# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० भदौ १३ गते

‘व्यक्तिलाई बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवस’

# बेपत्ता नागरिकको अवस्था यथाशक्य छिटो सार्वजनिक गर

सशस्त्र द्वन्द्वका क्रममा राज्य र गैरराज्य पक्षबाट एक हजारभन्दा बढी नेपाली नागरिक बेपत्ता पारिएका छन् । त्यसपछि पनि नागरिकलाई बेपत्ता पार्ने क्रम जारी नै छ। बेपत्ता पारिएका अधिकांश नागरिकहरूको अवस्था अझै पनि अज्ञात छ । उनीहरूका आफन्तजन असीम पीडामा छटपटिएका छन् । उनीहरूको न्यायिक अभियानलाई साथ दिनु हामी सबैको कर्तव्य हुन आउँछ ।

बेपत्ता पारिएका नागरिक र तिनको परिवारजनलाई न्याय दिनु आजको आवश्यकता हो । यसका लागि सरकारले यथाशक्य छिटो बेपत्ता नागरिकको वास्तविकता सार्वजनिक गर्न र उनीहरूका परिवारजनलाई क्षतिपूर्ति, राहत र परिपूरणको व्यवस्था गर्न अत्यावश्यक छ ।

बेपत्ता छानबिन तथा सत्य निरूपण आयोग यथासम्भव छिटो गठन गरी बेपत्ता नागरिकका तमाम विषयहरूको छिनोफानो गर्ने वातावरण तयार पार्न आयोग सरकारसँग आग्रह गर्दछ ।

उक्त आयोग गठन नभएको हालको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगबाट सम्पन्न भएका अनुगमन र अनुसन्धान कार्यहरू पनि सत्य निरूपण तथा संक्रमणकालीन न्यायको अभिन्न अङ्ग भएको हुँदा आयोगबाट गरिएका सिफारिसको प्रभावकारी कार्यान्वयनका लागि सम्वेदनशील हुन सबै सम्बन्धित पक्षहरूसँग आयोग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org